केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/९/०७६/७७

मिति: २०७६/०९/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को विभिन्न निर्देशनहरुलाई देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **निर्देशन नं. २/०७६ को बुँदा नं १ को उपबुँदा नं.२ मा देहाय बमोजिम खण्ड (ए) थप गरिएको :**

(ए) **यस बैंकले तोके बमोजिमको ऋण भुक्तानी आम्दानी अनुपात कायम नगरेका ऋणहरु।**

२. **निर्देशन नं. २/०७६ को बुँदा नं ३९ पछि देहाय बमोजिम बुँदा नं. ४० थप गरी क्रम संख्या मिलान गरिएको :**

४०. **ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) कायम गर्ने सम्बन्धमा :**

बैंक तथा वित्तीय संस्थाहरुले व्यक्तिगत प्रकृतिका आवधिक कर्जा, घर कर्जा तथा हायर पर्चेज कर्जा लगायतका किस्ता भुक्तानीमा आधारित गैर व्यवसायिक कर्जा प्रवाह गर्दा देहाय बमोजिम हुने गरी ऋण भुक्तानी आम्दानी अनुपातको अधिकतम सीमा ५० प्रतिशत कायम गर्नुपर्ने छ।

(क) ऋणीको आय श्रोत खुल्ने प्रमाणित कागजात संलग्न हुनुपर्ने छ।

(ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानीको श्रोतमा कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा मात्र ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमा भन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सुक्ष्म निगरानी **(Watch List)** अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ।

३. **निर्देशन नं. १७/०७६ को बुँदा नं १७ लाई देहायबमोजिम संशोधन गरिएको :**

१७. **प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था :**

(१) **न्यूनतम कर्जा प्रवाह :**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैक तथा वित्तीय संस्थाहरुले प्राथमिकताप्राप्त क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्यूनतम क्रमश: २५ प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ। "क" वर्गको वाणिज्य बैंकहरुले यसमध्ये

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

कृषिमा १० प्रतिशत र **कृषि क्षेत्रबाहेक तोकिएका प्राथमिकताप्राप्त क्षेत्रमा** १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ । **तर वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा प्राथमिकताप्राप्त क्षेत्रमा तोकिएको कर्जा पुऱ्याउनु पर्ने अवधि २०७८ असारमसान्त कायम गरिएको छ ।**

**(२) अनुगमन तथा हर्जाना :**

(क) यस व्यवस्था अनुसार कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।

*(ख) वाणिज्य बैंकहरुका हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा देहाय बमोजिम गरिनेछ ।*

*(१) प्राथमिकताप्राप्त क्षेत्रमा तोकिएको २५ प्रतिशत नपुगेमा नपुग रकममा हर्जाना गणना गर्ने ।*

*(२) कृषि क्षेत्रमा १० प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।*

*(३)* **कृषि क्षेत्रबाहेक तोकिएका प्राथमिकताप्राप्त क्षेत्रमा** *१५ प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।*

*(४) उपर्युक्त तीनवटै हर्जानामध्ये जुन बढी हुन्छ सो बमोजिम हर्जाना लगाउने ।*

*(५) यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गर्ने ।*

*(ग) प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको कुल बाँकी कर्जा तथा सापट (बिल्स खरिद तथा डिस्काउण्ट सहित) को आधारमा प्रत्येक त्रयमासमा गणना गर्ने ।*

(घ) प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गरिने कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र ने.रा.बैंक निर्देशन फा.नं.१७.१ अनुरुपको ढाँचामा र त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र ने.रा.बैंक निर्देशन फा.नं.१७.२ अनुरुपको ढाँचामा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

***स्पष्टीकरण:***

***(१) 'प्राथमिकताप्राप्त क्षेत्र' भन्नाले कृषि क्षेत्र, जलविद्युत/उर्जा क्षेत्र, पर्यटन क्षेत्र र निर्यात उद्योग, साना तथा मझौला उद्योग, औषधी उत्पादन उद्योग, सिमेन्ट उद्योग एवम् गार्मेन्ट उद्योगलाई जनाउने छ।***

*(२) कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सुर्ति, सनपाट, फलफुल तथा पुष्प खेती, (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) मलखाद तथा किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) अन्य कृषि तथा कृषिजन्य सेवाहरु (ञ) माछापालन, (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको) क्षेत्रहरुलाई जनाउने छ। त्यसैगरी कृषि क्षेत्र अन्तर्गत (क) कृषि औजार, (ख) मल, (ग) विउ-विजन, (घ) पशुपंक्षी-दाना, (ङ) कृषि उत्पादन भण्डारण र (च) चिया, कफी, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन समेत पर्नेछ।*

*(३) 'जलविद्युत/उर्जा क्षेत्र' भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधन **एवम् चार्जिङ्ग स्टेशन**लाई समेत जनाउने छ।*

*(४) 'पर्यटन क्षेत्र' भन्नाले देहायबमोजिमको क्षेत्रलाई जनाउने छ :*

*(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, ऱ्यापिटङ्ग, क्याम्पिङ्ग, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,*

*(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिजोर्ट तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,*

*(ग) मनोरंजन, मनोरञ्जन पार्क, रिक्रिएसन, चलचित्र आदि,*

*(घ) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,*

*(ङ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार,*

*(च) साँस्कृतिक, धार्मिक तथा खेलकुद पर्यटन र*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(छ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा संचालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।*

*(५) 'साना तथा मझौला उद्योग' भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची-२ मा उल्लेखित रु. १० करोड रुपैयासम्म स्थिर पुँजी भएको साना उद्योगहरु र रु. दश करोडदेखि रु.२५ करोडसम्म स्थिर पुँजी भएका मझौला उद्योगहरु पर्नेछन् । तर, कृषि, जलविद्युत/उर्जा र पर्यटन क्षेत्रमा परेका उद्योगहरुलाई दोहोरो पर्ने गरी साना तथा मझौला उद्योग अन्तर्गत राख्न पाइने छैन ।*

(३) प्राथमिकता प्राप्त क्षेत्र कर्जा सम्वन्धी व्यवस्थाको प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाहरुले स्वीकृत गरेको कुल कर्जा सीमालाई नै प्रवाहित कर्जाको रुपमा गणना गर्न सक्नेछन् ।

**४. निर्देशन नं.१९ को वूंदा नं.११ लाई देहाय बमोजिम संशोधन गरिएको :**

**११. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा तथा सम्पति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :**

१. बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार देहायबमोजिम पेश गर्नु पर्नेछ ।

(क) "क" वर्गका बैंकहरुले २०७६ साल माघ १ गते देखि अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML- Production Environment) वाट मात्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुमध्ये goAML मा हालसम्म पनि रजिष्ट्रेशन हुन वाँकी रहेका संस्थाहरुले २०७६ साल पुस महिनाभित्र रजिष्ट्रेशन भइसक्नुपर्ने र २०७६ माघ महिनादेखि एकीकृत निर्देशन, २०७६ को निर्देशन नं १९ को वुदाँ नं ११ बमोजिम अनिवार्य रुपमा परीक्षणको रुपमा विद्युतीय माध्यम (goAML Test Environment) मार्फत प्रतिवेदन पेश गर्ने । साथै, २०७७ साल साउन १ गते देखि सबै वित्तीय संस्थाहरुले अनिवार्य रुपमा यस प्रणाली (goAML-Production Environment) मार्फत मात्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्था बमोजिमको संस्थागत तथा क्षेत्रगत जोखिम मुल्यांकन सम्बन्धी प्रतिवेदन पहिलो पटकका लागि २०७६ साल पुस महिना भित्र सम्पन्न

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

गरी सोको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

३. जोखिम मुल्यांकनको आधारमा आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी समग्र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यप्रणाली व्यवस्थित गर्ने, जोखिम सापेक्ष ग्राहक पहिचान/अनुगमन/संकास्पद कारोबार पहिचान प्रणालीको व्यवस्था गर्ने र उक्त ऐनको परिच्छेद ६ख को व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्य पहिलो पटकका लागि २०७६ साल माघ महिना भित्र सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

४. सम्पत्ति शुद्धीकरण निवारण ऐनको उद्देश्य र यस बैंकवाट जारी निर्देशन बमोजिम सूचक संस्थाले जोखिमको आधारमा प्रणालीगत व्यवस्था सहित goAML को माध्यमवाट वित्तीय जानकारी इकाईमा रिर्पोटिङ्ग गरे/नगरेको तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा यस बैंकवाट जारी भएका निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा यस बैंकवाट आवश्यक निरीक्षण/सुपरिवेक्षण हुनेछ ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२)श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।